लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित
जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल
MYAGDI NEPAL WEEKLY
www.erupse.com साप्ताहिक




वर्ष ८, अंक २८ २०८३ भदौ १२ गते शुक्रबार (Friday 28 August 2026) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

# म्याग्दीमा १६९ जनामा मृगौला समस्या, बेनीमा ४0 जनाको डाइलाइसिस

**अमृत बास्कुने**

म्याग्दीको सदरमुकाम बेनीमा रहेको सरकारी अस्पताल प्रदेश अस्पताल बेनीमा हाल ४० जना मृगौला सम्बन्धी समस्या भएका बिरामीहरूले सेवा लिइ रहेका छन् । यस अगाडी छ वटा मेसिनबाट सेवा प्रवाह गरी रहेको अस्पतालले गण्डकी प्रदेश सरकारबाट प्राप्त थप ३ मेसीनको मद्दतमा अहिले ४० जनालाई सेवा दिँदै आएको हो ।

जिल्ला भित्रका स्थानीयतह सँग भएको तथ्याङ्क अनुसार म्याग्दी जिल्लाम मिर्गौला सम्बन्धी समस्याबाट १६८ जना पिडीत रहेका छन् । हालको अवस्थामा १०८ जना मिर्गौला फेल, ५६ जनाले डाइलाइसिस गरी रहेका छन् भने ५ जना प्रत्यारोपण गरेका छन् ।

प्रदेश अस्पतालमा डाइलाइसिस गराइ रहेका म्याग्दीका मात्रै नभएर अन्य जिल्लाको पनि भएको हुँदा म्याग्दीका अझै पनि कयौं नागरिकले जिल्ला बाहिरको अस्पतालबाटै सेवा लिइ रहेका छन् । जटिल रोगका बिरामीले पाउने सुविधा प्राप्त गर्ने जिल्लाका छ वटै स्थानीय तहका बिरामीहरूको तथ्याङ्क हेर्दा २८० जना बिरामीहरू मध्ये १६८ जना मिर्गौला सम्बन्धी समस्याका बिरामीहरू रहेका छन् ।

बेनी अस्पतालका निमित्त मेडिकल सुपरीटेण्डेन्ट डा. हेमन्त बाँस्तोलाका अनुसार ३ मेसीन थप भए पछि बिरामीलाई प्रतिक्षा सुचीलाई शुन्य पार्ने गरी अभियान जारी छ । तीन मेसिन थपिए पछि हाल ३८ जनाले सेवा लिइ रहेको भए पनि अब थप केही बिरामीलाई पनि सेवा दिने तयारी गरिएको बाँस्तोलाको भनाई छ ।

बेनी अस्पतालमा हेमोडायलाइसिस सेवा २०७६ फागुनमा गण्डकी प्रदेश सरकारबाट बिनियोजित बजेटबाट ७ वटा डाइलाइसिस मेसीन जडान गरी छ वटा सञ्चालन गरी एउटा रिजर्बमा राखिएको तत्कालिन अस्पताल विकास समितिका अध्यक्ष बेलबहादुर कटुवालले बताउनुभयो ।



तशुरूमा सेवा सुरू गर्दा हप्तामा २ पटक डाइलाइसिस गर्नु पर्ने बिरामीहरू मात्रै रहेको र दिनमा दुई सिफ्ट गरेर १२ जना बिरामीले सेवा लिने गरी शुरू भएको कटुवालको भनाई छ । तत्कालिन गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङ र सामाजिक विसका मन्त्री नरदेवी पुनले सेवाको शुभारम्भ गराएका थिए ।

सेवा शुरू भए पछि जनशक्ति तथा पूर्वाधारहरू थप गर्दै क्रमशः विस्तार गर्दै आएको सेवा हाल बिहान ७ बजे देखि राती १० वजे सम्म गरी तीन सिफ्टमा ८ वटा मेसीनबाट सेवा प्रवाह गरीदै आएको छ । हाल दैनिक २७ जना बिरामीहरूले डाइलाइसिस सेवा लिने गरेको अस्पतालले जनाएको छ । हप्तामा एक जना बिरामीले दुई देखि तीन पटक सम्म डाइलाइसिस सेवा लिनु पर्ने भएकाले पनि बिरामी संख्या भन्दा पनि आवश्यकताको आधार तय भएको हो ।

मिर्गौलाको दीर्घरोगबाट पीडित बिरामीका लागि प्रदेश अस्पताल बेनीबाट डायलाइसिस सेवा म्याग्दीसहित पर्वत, मुस्ताङ, बागलुङकोलागि पनि जीवनरक्षक सेवाका रुपमा स्थापित हुँदै गएको छ । जिल्लामै सहज र निःशुल्क उपचारको पहुँच बढेसँगै बिरामीको आर्थिक भार कम हुनुका साथै लामो दूरीको यात्रा गर्नुपर्ने बाध्यतासमेत घटेको बेनी अस्पतालका डा.रामु सापकोटाको भनाई छ ।






सम्पादकीय

# युवाको योगदान

देशमा रोजगारीको अभाव र वैदेशिक रोजगारीका कारण युवाको ठूलो संख्या विदेशिइरहेका बेला म्याग्दीमा युवाले आफ्नै ठाउँमा व्यवसाय सञ्चालन गरी रोजगारी सिर्जना गर्न थालेको अवस्था सकारात्मक र उत्साहजनक छ। होटल, रेष्टुरेन्ट, प्रिन्टिङ तथा विभिन्न सेवा क्षेत्रमा युवाले गरेको लगानीले उनीहरुलाई स्वरोजगार मात्र बनाएको छैन, अरुलाई समेत रोजगारी दिने अवस्था सिर्जना गरेको छ। यो व्यक्तिगत सफलता मात्र नभई स्थानीय अर्थतन्त्र बलियो बनाउने महत्वपूर्ण आधार हो। व्यवसाय विस्तारसँगै रोजगारी सिर्जना हुनु र स्थानीय स्रोत तथा बजार चलायमान हुनु यसको सकारात्मक पक्ष हो। म्याग्दीबाट रोजगारीका लागि विदेश जाने युवाको संख्या बढिरहेका बेला आफ्नै जिल्लामा व्यवसाय गर्ने उदाहरणले अर्को सम्भावना देखाएको छ। विदेश जानु नराम्रो होइन, तर युवासँग स्वदेशमै उद्यम गर्ने विकल्प पनि बलियो हुनुपर्छ। त्यसका लागि सफल व्यवसायीका अनुभव नयाँ पुस्ताका लागि प्रेरणा बन्न सक्छन्।

म्याग्दी पर्यटन, कृषि र स्थानीय उत्पादनका दृष्टिले सम्भावनायुक्त जिल्ला हो। यहाँ आउने पर्यटकका कारण होटल, रेष्टुरेन्ट, यातायात, कृषि उत्पादन, हस्तकला तथा विभिन्न सेवा क्षेत्रमा रोजगारी र व्यवसायको अवसर सिर्जना हुन सक्छ। त्यसैले पर्यटनलाई केवल होटल व्यवसायसँग मात्र जोडेर हेर्नु हुँदैन। स्थानीय किसानको उत्पादनदेखि युवाको सीपसम्मलाई पर्यटन बजारसँग जोड्न सकियो भने यसको लाभ धेरै परिवारसम्म पुग्न सक्छ। तर युवालाई व्यवसाय गर्न प्रेरित गरेर मात्र पुग्दैन। व्यवसाय सुरू गर्न आवश्यक पूँजी, सहुलियतपूर्ण ऋण, सीप, प्रविधि, बजार र उचित परामर्शको व्यवस्था पनि आवश्यक छ। स्थानीय तहले अनुदान वितरणमा मात्र केन्द्रित नभई व्यवसायको सम्भाव्यता अध्ययन, तालिम, बजार व्यवस्थापन र प्राविधिक सहयोगमा जोड दिनुपर्छ। बैंक तथा वित्तीय संस्थाले पनि नयाँ उद्यमीलाई लगानीको अवसर दिन सहज वातावरण बनाउन आवश्यक छ।

विशेषगरी वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप, अनुभव र पूँजीलाई स्थानीय व्यवसायमा लगाउन सक्ने वातावरण बनाउनुपर्छ। त्यसैगरी महिलालाई घरेलु उद्योग, होमस्टे, कृषि प्रशोधन, स्थानीय परिकार र हस्तकलाजस्ता क्षेत्रमा जोड्न सके स्थानीय अर्थतन्त्र थप चलायमान बन्न सक्छ। युवाले व्यवसाय गर्दा असफलता पनि आउन सक्छ। त्यसलाई समाजले कमजोरीका रुपमा होइन, सिकाइका रुपमा लिनुपर्छ। एउटा व्यवसाय असफल हुँदैमा उद्यमी असफल हुँदैन। जोखिम लिन सक्ने र नयाँ काम सुरू गर्ने संस्कार विकास नभएसम्म उद्यमशीलता विस्तार हुन सक्दैन। म्याग्दीमा केही युवाले व्यवसाय विस्तार गर्दै अरुलाई रोजगारी दिन थालेका उदाहरणलाई स्थानीय सरकार र सम्बन्धित निकायले प्रोत्साहन गर्नुपर्छ। सफल व्यवसायको कथा प्रचार गर्नुका साथै उनीहरुले भोगेका समस्या पहिचान गरी नयाँ उद्यमीलाई सहज वातावरण बनाउनु आवश्यक छ।

अब विकासको मापन सडक र भवन निर्माणमा मात्र सीमित हुनु हुँदैन। जिल्लामा कति नयाँ व्यवसाय खुले, कति टिके, कति रोजगारी सिर्जना भयो र कति स्थानीय उत्पादनले बजार पायो भन्ने आधारमा पनि आर्थिक प्रगति मापन गर्नुपर्छ। म्याग्दीमा युवाको उद्यमशीलता विस्तार हुन सके रोजगारीका लागि विदेशिने बाध्यता केही हदसम्म कम गर्न सकिन्छ। त्यसका लागि युवाको इच्छाशक्ति मात्र होइन, राज्यको सहयोग, वित्तीय पहुँच, बजार र समाजको सकारात्मक सोच आवश्यक छ। रोजगारी खोज्ने युवा होइन, रोजगारी सिर्जना गर्ने युवा निर्माण गर्नु आजको आवश्यकता हो। म्याग्दीमा सुरू भएको उद्यमशीलताको यो प्रयासलाई व्यक्तिगत सफलतामा सीमित नराखी जिल्लाको आर्थिक रुपान्तरणको अभियान बनाउन सक्नुपर्छ। त्यसो गर्न सके आफ्नै माटोमा अवसर खोज्ने र अरुका लागि समेत अवसर सिर्जना गर्ने नयाँ पुस्ता निर्माण हुन सक्छ।

# जंगलको बीचमा पानीको अनौठो संसार

गण्डकी प्रदेशको म्याग्दी जिल्लास्थित मालिका गाउँपालिका-५ देविस्थानको दाङ्गा क्षेत्रभन्दा माथि जंगलको बीचमा एउटा यस्तो ताल छ, जसलाई हेर्दा सामान्य प्राकृतिक तालजस्तो लागे पनि यसको स्वरुप र स्थानीय अनुभवले अनेक प्रश्न जन्माउँछ। चारैतिर जंगल, आसपास रूखबिरूवा, तर तालमा पातपतिङ्गर देखिँदैन। देखिने पानीको मूल छैन, तर वर्षौंदेखि पानी सुक्दैन। मौसमअनुसार पानीको रङ फरक देखिन्छ। तालको छेउमा धार्मिक आस्था जोडिएको मन्दिर छ। खुला मौसममा हिमालका मनोरम दृश्य देखिन्छन्। यही प्राकृतिक, धार्मिक र रहस्यमय विशेषताका कारण गाइखर्क ताल अहिले मालिका गाउँपालिकाको महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा अघि बढिरहेको छ।

गाइखर्क ताल मालिका गाउँपालिका-५ देविस्थानको दाङ्खोलाको सिरान र थाप्ले पहाडको काखमा करिब २ हजार ४ सय मिटरको उचाइमा रहेको छ। ताल करिब ४६ मिटर लम्बाइ, ४६ मिटर चौडाइ र तीन मिटर गहिराइको रहेकोमा २०७४/७५ तिर यसको क्षेत्र विस्तार गरी करिब ५५ मिटर लम्बाइ र चौडाइ कायम गरिएको थियो। तालको छेउमा मन्दिर तथा प्रवेशद्वार निर्माण गर्नुका साथै हाडिस खोलाबाट तालसम्म सडक पहुँच विस्तार गरिएको छ ।

तर गाइखर्क तालको चर्चा यसको आकार वा उचाइका कारण मात्रै भएको होइन। यसको सबैभन्दा ठूलो आकर्षण यसको अनौठो प्राकृतिक विशेषता हो।

स्थानीय ८८ वर्षीय सोमबहादुर घर्ती मगरका अनुसार तालमा देखिने गरी कुनै पानीको मूल छैन। आसपासबाट निरन्तर पानी आउने खोल्सा वा मूल पनि देखिँदैन। तर हिउँदमा पनि ताल सुक्दैन र बर्खामा पनि पानीको अभाव हुँदैन। "त्यो गाइखर्क ताल भन्नेमा मूल पनि छैन। हिउँदमा पनि सुक्दैन, बर्खामा पनि सुक्दैन," घर्ती मगर भन्नुहुन्छ, "झारपस्र्यौला केही पनि देखिँदैन तालको बीचमा। तालको पानीको रङ पनि फरकफरक देखिन्छ।"

तालको अर्को रोचक पक्ष भनेको वरिपरिको जंगल र तालको पानीबीच देखिने फरक हो। जंगलमा रूख छन्, हावाहुरी चल्छ, रूखका पात झर्छन्। तर तालको सतहमा भने पातपतिङ्गर जम्मा भएको देखिँदैन। सामान्यतया जंगलको बीचमा रहेको कुनै पोखरी वा तालमा रूखका पात, साना हाँगा, सेउला वा अन्य जैविक पदार्थ देखिनु अस्वाभाविक होइन। गाइखर्कमा भने स्थानीयले लामो समयदेखि यस्तो दृश्य नदेखेको बताउँदै आएका छन्। यही अनुभवले स्थानीयमा तालप्रति थप जिज्ञासा र विश्वास जन्माएको छ।

घर्ती मगरका अनुसार केही समयअघि तालमा पात तथा सेउला फालेर त्यसको अवस्था बुझ्ने प्रयाससमेत गरिएको थियो। साँझमा तालमा पात तथा सेउला फालिएको थियो। भोलिपल्ट बिहान त्यहाँ पुग्दा अघिल्लो साँझ फालिएका पात तथा सेउला तालमा देखिएनन्। ताल वरिपरि खोज्दा पनि ती पातहरु भेटिएनन्।

स्थानीयका लागि यो सामान्य घटनाभन्दा फरक छ।




घर्ती मगरको भनाइमा गाइखर्क तालमा कुनै विशेष शक्ति रहेको विश्वास छ। तालमा पातपतिङ्गर नदेखिनु र फालिएका पातसमेत फेरि नदेखिनुलाई स्थानीयले त्यही शक्तिसँग जोडेर हेर्ने गरेका छन्। "गाइखर्क तालमा एउटा शक्ति नै छ," उहाँ भन्नुहुन्छ, "त्यसैले त हामीले त्यो तालमा पातपतिङ्गर पनि देख्दैनौं र त्यहाँ फालिएको पातहरु पनि फेरि देख्न सकिँदैन।"

स्थानीय विश्वासलाई सम्मान गर्दै हेर्दा यो गाइखर्क तालको सांस्कृतिक पहिचानको महत्वपूर्ण हिस्सा हो। तर पात तथा सेउला हराउनुको वास्तविक कारण भने वैज्ञानिक अध्ययनबाट मात्रै निश्चित गर्न सकिन्छ। पात पानीमा डुब्दा के हुन्छ, पानीभित्र जैविक पदार्थको विघटन कति छिटो हुन्छ, पानीको रासायनिक संरचना कस्तो छ वा तालको सतह तथा भित्री भागमा त्यस्ता पदार्थ जाने कुनै प्राकृतिक निकास छ कि छैन भन्ने विषयमा अनुसन्धान आवश्यक देखिन्छ।

गाइखर्क तालबारे यसअघि प्रकाशित विवरणहरुले पनि तालमा पानीको मुहान नदेखिने, जंगलको बीचमा रहेर पनि खडेरीमा समेत नसुक्ने र पानी सफा रहने विशेषता उल्लेख गरेका छन्। हावाहुरीले तालमा खसालेका पात चराचुरुङ्गीले लैजाने गरेको स्थानीय भनाइसमेत छ।

त्यो हुँदै गर्दा पनि तालको फरक विशेषता पनि छ । स्थानीय भकबहादुर घर्तीले हाल सम्म जानकारी पाए अनुसार उक्त ताल तीन पटक सुकेको सुनाउनु भयो । तालको पानी सुक्दा मुलुकमै अप्रिय घटनाहरू भएको मान्न सकिने तथ्यहरू सुनिएको उहाँले सुनाउनुभयो । वि.सं. १९९० मा ताल सुक्दा भुकम्प गएको । त्यो भन्दा अगाडी एक पटक ताल सुकेको र उक्त समय भोकमरी लागेको तथा २०५१ सालमा पनि ताल सुकेको र त्यो समय तत्कालिन अवस्थामा मुलुक युद्धमा प्रवेश गरेका घटनाहरू मिल्दा रहेको उहाँको तर्क छ ।

तर स्थानीयले आफैं तालमा पात फालेर गरेको परीक्षणको अनुभवले यस विषयलाई थप अनुसन्धानयोग्य बनाएको छ। यो परीक्षण वैज्ञानिक प्रयोगको मापदण्डअनुसार गरिएको अध्ययन नभए पनि स्थानीय अनुभवका रुपमा यसको आफ्नै महत्व छ। अब सम्बन्धित विज्ञले व्यवस्थित रुपमा परीक्षण गरेमा गाइखर्क तालको यो विशेषताको वास्तविक कारण पत्ता लाग्न सक्छ।

गाइखर्क तालको पानीको रङ परिवर्तन अर्को चर्चित विशेषता हो। बर्खायाममा तालको पानी गाढा निलो देखिने र हिउँदमा रगतजस्तै रातो देखिने गरेको स्थानीयले बताउँदै आएका छन्। कतिपय अध्ययन तथा विशेषज्ञको भनाइमा पानीमा रहेका एल्गी तथा ब्याक्टेरिया, उच्च लवणता र त्यस्ता सूक्ष्मजीवमा हुने क्यारोटिनोइड्सजस्ता पदार्थका कारण रङ परिवर्तन हुन सक्ने सम्भावना औँल्याइएको छ।

तर गाइखर्क तालको पानीको रङ परिवर्तनबारे अझ विस्तृत र स्थानीय परिस्थितिमा आधारित वैज्ञानिक अध्ययन हुन सके यसको कारण अझ स्पष्ट हुन सक्छ। पानीको नमुना लिएर विभिन्न मौसममा परीक्षण गर्ने, पानीको तापक्रम, पीएच, लवणता, खनिज तत्व, सूक्ष्मजीव र एल्गीको अवस्था अध्ययन गर्ने हो भने तालको रङ परिवर्तनको वैज्ञानिक कारण प्रमाणित गर्न सकिन्छ।

यसले गाइखर्क तालको पर्यटन मूल्य अझ बढाउन सक्छ। किनकि एउटै ताल वर्षको फरक समयमा फरक रङमा देखिनु आफैंमा पर्यटकका लागि आकर्षक प्राकृतिक विशेषता हो।

गाइखर्क तालसँग स्थानीय धार्मिक आस्था पनि जोडिएको छ। तालको कुनामा रहेको मन्दिरमा पूजा-आजा गर्ने चलन छ। स्थानीयका अनुसार यो पूजा विशेषगरी भूमिपूजासँग सम्बन्धित छ। ताल र त्यस वरपरको भूमिलाई सम्मान गर्दै धार्मिक विधि गर्ने परम्परा रहेको छ।

तालको छेउमा धार्मिक स्थल हुनु र प्रकृतिसँग जोडिएको स्थानीय विश्वास रहनुले गाइखर्कलाई धार्मिक तथा प्राकृतिक पर्यटनको साझा गन्तव्य बनाउन सकिने आधार तयार गरेको छ। तालको छेउमा बराह देवताको मन्दिर रहेको र स्थानीय धार्मिक विश्वासअनुसार पूजा हुने गरेको छ।

त्यहाँ भेडा तथा बाख्राको पाठाले भोग दिने चलनसमेत रहेको स्थानीय बताउँछन्। धार्मिक आस्थाका कारण टाढाटाढाबाट मानिस पुग्ने गरेको पनि प्रकाशित पाइन्छ छ।

गाइखर्क नाम आफैंमा पनि स्थानीय भूगोल र जीवनशैलीसँग जोडिएको छ। स्थानीयका अनुसार विगतमा यही क्षेत्रमा गाई चराउने गरिन्थ्यो। गाई चराउने खर्क भएकाले यसको नाम गाइखर्क रहन गएको भन्ने स्थानीय भनाइ छ। अर्थात् गाइखर्क नाम कुनै आधुनिक पर्यटन प्रवर्द्धनका क्रममा राखिएको नाम होइन, स्थानीय जीवन र भूगोलसँग जोडिएर पुस्तौंदेखि चलिआएको नाम हो।

यसले गाइखर्क താललाई एउटा प्राकृतिक सम्पदा मात्र नभई स्थानीय इतिहास र जीवनपद्धतिको एउटा अंशका रुपमा बुझ्नुपर्ने देखाउँछ।

गाइखर्क तालमा पुग्दा प्रकृतिले दिएको अर्को महत्वपूर्ण उपहार हो हिमाली दृश्य। मौसम खुलेका समयमा ताल आसपासबाट विभिन्न हिमाल तथा हिमशृत्त्लाको दृश्य देखिन्छ। जंगलको शान्त वातावरण, तालको पानी, वरिपरिका पहाड र टाढा देखिने हिमालले यहाँ पुग्ने पर्यटकलाई प्राकृतिक दृश्यावलोकनको फरक अनुभव दिन्छ।

गाइखर्कको भौगोलिक अवस्थिति पनि पर्यटनका लागि उपयुक्त देखिन्छ। ताल जंगलको बीचमा भएकाले यहाँ पुग्दा ग्रामीण तथा प्राकृतिक वातावरणको अनुभूति हुन्छ। चराचुरुङ्गीको आवाज, वनस्पति, पहाडी भूगोल र खुला आकाशसँगै तालको दृश्यले यसलाई प्रकृति पर्यटनका लागि आकर्षक बनाउन सक्छ। गाइखर्कलाई देविस्थान क्षेत्रका अन्य ताल, दह, झरना तथा गुफासँग जोडेर पर्यटन विकास गर्न सकिने सम्भावना छ।

मालिका गाउँपालिका-५ का वडा अध्यक्ष मिम पुन गाइखर्क तालालाई पर्यटकीय रुपमा विकास गरेर अगाडि बढाउनुपर्नेमा जोड दिनुहुन्छ। उहाँका अनुसार मालिका गाउँपालिकाभित्र पहिचान गरिएका ३५ वटा धार्मिक, सांस्कृतिक तथा पर्यटकीय गन्तव्यमध्ये गाइखर्क

बाँकी पाँचौं पृष्ठमा

### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- विपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**धवलागिरी गाउँपालिकाको कार्यालय**
मुना, म्याग्दी

### विपद्को पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**मालिका गाउँपालिकाको कार्यालय**
दरवाङ, म्याग्दी

### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- विपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**बेनी नगरपालिकाको कार्यालय**
बेनी, म्याग्दी

**नेपाल सरकार**

**कृषि, वन तथा पर्यावरण मन्त्रालय**

**कृषि विभाग**

## राष्ट्रिय फलफूल विकास केन्द्र

# शीतोष्ण बागवानी विकास केन्द्र

**मार्फा, मुस्ताङ**

"स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी" Invest in Domestic Production, Path to Self-Sufficiency

# सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना।

**(सूचना नं.: १,२०८३/०८४) पहिलो पटक सूचना प्रकाशित मितिः २०८३/०५/०८**

यस केन्द्रको ए ब्लकको कार्यालय भवन अगाडी (मुख्य कार्यालय अगाडिको पहिलो गह्रा) तथा बि ब्लकको (उच्च घनत्व स्याउ बाहेक), सि र डि ब्लकहरूमा उत्पादित रोयल डेलिसियस, रेड डेलिसियस, रिचारेड डेलिसियस स्याउ फलको बिक्रि वितरण गोप्य सिलबन्दी दरभाउ पत्रद्धारा गर्नु पर्ने भएकाले सिलबन्दी सकार गर्न चाहाने इच्छुक व्यक्तिले निम्न अनुसारको शर्तको अधिन एवं परिधि भित्र रहि यस केन्द्रबाट उपलब्ध गराईने रू १०००/- (एक हजार) को फाराम खरिद गरी गोप्य सिलबन्दी दरभाउ पत्र यस केन्द्रमा सूचना प्रकाशन भएको मितिले सोह्रौ दिनको १२ बजे भित्र पेश गर्नु हुन जानकारीको लागि यस सूचना प्रकाशित गरिएको छ।

सिलबन्दी फाराममा रू १० को टिकट टाँसी निवेदन दिई रू १०००/- (पछि फिर्ता नहुने गरी) को नगदी रसिद काटी यस केन्द्रबाट प्राप्त गर्न सकिने छ । आफ्नो सकार गरेको कुल अंकको २५% रकम धरौटी स्वरूप जिल्लाको नेपाल बैंक लिमिटेड जोमसोम स्थित क २.३ धरौटी खाता नं ०६८०१०००००२००३००००१ मा जम्मा गरेको सक्कल दोस्रो प्रति भौचर फाराम साथ राखि नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहित सिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्ने छ । सिलबन्दी फाराम खरिद गरेको नगदी रसिद दरभाउ पत्र संगै संलग्न गरि राखु पर्नेछ । सिलबन्दी फाराम सूचना प्रकाशित मितिले १५ दिन (२०८३/०५/२२ गते) सम्म कार्यालय समय भित्र खरिद गरि सक्नु पर्नेछ। सिलवन्दी दरभाउ पत्रको १६ (सोह्रौं) दिनको मिति २०८३/०५/२३ गते १२:०० बजे भित्र यस केन्द्रको प्रशासन शाखामा दर्ता गरी सक्नुपर्नेछ र उक्त सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे सिलबन्दी दरभाउ पत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको रोहवरमा यस केन्द्रमा खोलिने छ। सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समयमा उक्त कार्य हुनेछ । सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । सिलबन्दी दरभाउ पत्रमा सकार गरेको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट रूपमा उल्लेख गर्नु पर्नेछ । अङ्कमा केरमेट भएमा अक्षरमा उल्लेख भएकोलाई मान्यता दिईने छ । सिलबन्दी दरभाउ पत्र खामबन्दी गरी खाम बाहिर स्याउ फलको सिलबन्दी पत्र भनी उल्लेख गरि लाहाछाप लगाई पेश गर्नु पर्ने छ। सिलबन्दी दरभाउ पत्र कुनै पनि कारण जनाई सम्पूर्ण ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस केन्द्रमा निहित रहने छ। नियमानुसार लाग्ने कर र स्थानीय स्तरमा लाग्ने कर ठेकेदारले आफै ब्यहोर्नु पर्नेछ ।

सिलबन्दी दरभाउ पत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र २५% धरौटी रकम बाहेक डाँक सकार गरेको बाँकी ७५% रकम नेपाल बैंक लिमिटेड जोमसोम शाखा बैंक खाता नं. ००१०१०००००००००१००१००१, कार्यालय कोड नं. ३१२०१४१०१, राजश्व शीर्षक नं. १४२११ मा जम्मा गरि सक्कल भौचर सहित सम्झौता गर्न आउनु पर्नेछ ।

समयमै सम्झौता गर्न नआएमा नियमानुसार धरौटी जफत गरी आवश्यक कारवाही अगाडी वढाईने छ। सिलबन्दी दरभाउपत्र स्वीकृत भै बुझाउनु पर्ने रकम बुझाई सम्झौता पश्चात ताजा स्याउ फल टिप्न र निकासी कायदिश दिईने छ । यस केन्द्रको ए ब्लकको कार्यालय भवन अगाडीको (पहिलो गह्रा बाहेक), बि, सि र डी ब्लक भित्र रहेका रोयल डेलिसियस, रेड डेलिसियस, रिचारेड डेलिसियस बाहेक अन्य (क्रेव स्याउ, गोल्डेन स्याउ र केद्रको बि ब्लकमा रहेको उच्च घनत्व बगैचामा छुट्याइएको आदि) स्याउको फल ठेक्का सकार गर्नेले दाबी गर्न पाउने छैन। ठेक्का स्वीकृत भई कायदिश दिई सकेपछि बगैचाको सुरक्षाको आवश्यक व्यवस्था ठेकेदार स्वंयमले मिलाउनु पर्नेछ । सिलबन्दी दरभाउ पत्र स्वीकृत पश्चात कुनै किसिमको दैविक प्रकोपबाट फलको क्षति भएमा क्षतिपूर्ती दावी गर्न पाईने छैन र बोट एंव स्याउ फलको संरक्षणको लागि आवश्यक सम्पूर्ण व्यवस्था सिलबन्दी सकार गर्ने व्यक्ति आफैले आफ्नै खर्चमा गर्नु पर्नेछ ।

स्याउ फलको डाँठ (भेट्नो) भाग नबिगारी फल टिप्ने र टिप्ने क्रममा स्याउका बोटहरूमा अनावश्यक रूपमा हाँगा भाँची बोटलाई कुनै पनि किसिमको नोक्सानी पुर्याउन पाईने छैन। यदि हानि नोक्सानी हुन गएमा केन्द्रले गरेको मूल्याङ्कन बमोजिमको क्षतिपूर्ती ठेकेदारले ब्यहोर्नु पर्ने छ । केन्द्रले बगैचा भित्र गर्नु पर्ने आवश्यक प्राविधिक कार्यहरूमा ठेकेदार पक्षबाट बाधा पुर्याउन पाईने छैन ।

यसमा उल्लेख नभएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन २०८३) अनुसार एवं प्रचलित ऐन नियम अनुसार हुनेछ । स्याउ फलको न्यूनतम उत्पादन अनुमान मूल्य रू. १८,२५,४२५/- (अक्षरूपी अठार लाख पच्चिस हजार चार सय पच्चिस) मात्र कायम गरिएको छ । कार्यालयले तोकेको समय अवधि भित्र सम्पूर्ण स्याउ फल टिप्रिसक्नु पर्नेछ। स्याउको प्याकेजिङ गर्दा शीतोष्ण बागवानी विकास केन्द्र मार्फा, मुस्ताङ लेखिएको कार्टुन प्रयोग गर्नु पर्ने छ । सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र सम्पर्क गरी जानकारी लिन सकिने छ ।

**प्रकाश पन्थ**
केन्द्र प्रमुख

**फोनः ०६९-४०००३४**, Email: thdc.marpha@gmail.com

# प्रकाश दुतराजको कन्सर्ट स्थगित

म्याग्दीको मंगला गाउँपालिकाबाट सदरमुकाम बेनी आएर म्याग्दी र कालीखोलामा बालुवा-गिट्टी संकलन गरेर पढाइ र परिवारको खर्च जुटाउने प्रकाश दुतराज अहिले आफ्नै गीतमा हजारौं दर्शक नचाउने लोकप्रिय गायक बनेका छन् । उनका संघर्षका ती दिनदेखि मनमा बोकेको लाइभ कन्सर्ट गर्ने सपना अब भने म्याग्दीको सदरमुकाम बेनीमा पूरा हुने चरणमा पुगेको छ । दुतराजले आज भदौ १२ गते बेनीको खुलामञ्चमा आफ्नै लाइभ कन्सर्ट गर्ने कार्यक्रम तय भएको भए पनि अन्तिममा आएर स्थगित भएको हो । म्याग्दी उद्योग वाणिज्य संघको आयोजनामा हुने कार्यक्रमलाई 'म्याग्दी-बेनी प्रकाश दुतराजको नयाँ अभ्यास' नाम दिइएको छ । कार्यक्रमको संयोजन किसन जिसीले गर्दैछन् भने अन्य व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लाइनअप नेपाललले गने ' जनाइएको थियो । कार्यक्रम एउटा सामान्य सांगीतिक प्रस्तुति मात्र नभएर, उनले थालेको आफ्नो सांगीतिक यात्राको एउटा महत्वपूर्ण सपना पूरा हुने क्षण पनि हो । 'लाइभ कन्सर्ट गर्ने १३-१४ वर्षदेखिको सपना थियो,' दुतराजले भने, 'गाउँबाट बेनी झरेर बिहान-बेलुका काम गर्ने, दिउँसो स्कुल जाने गदै ' संघर्ष सुरू गरेको थिएँ । कहिले काममा जाने र कहिले पढाइलाई निरन्तरता दिने गरी मेरो यात्रा अघि बढ्यो । अहिले सबैले चिन्नुहुन्छ, सबैको मायाले गर्दा गीत गाएर हिँड्न पाएको छु ।'

दुतराजका अनुसार उनको संघर्षको सुरूआती दिन सहज थिएनन् । अध्ययनसँगै परिवारको खर्च र आफ्नै पढाइको आवश्यकता पूरा गर्न उनले म्याग्दी र कालीखोलामा बालुवा तथा गिट्टी संकलन गर्ने कामसमेत गरेका थिए । त्यही संघर्षबीच संगीतप्रतिको रूचि र सपनाले भने उनलाई पटक्कै छाडेन । दुतराजका गीतमा गाउँघर, प्रेम, परदेश, जीवनका भोगाइ र नेपाली समाजका कथा भेटिने र कयौं गितहरूले करोड क्लबमा आफ्नो उपस्थिति पनि देखाएका छन् । दुतराजको सांगीतिक यात्रामा म्याग्दी उद्योग वाणिज्य संघसँगको सम्बन्ध पनि पुरानो छ । उनले आफ्नो सांगीतिक यात्राको सुरुआततिर पहिलोपटक स्टेजमा उभिने अवसर संघबाटै पाएको स्मरण गर्दै कन्सर्टको पहिलो स्टेज पनि संघकै होस भन्ने चाहना अनुरूप नै हुन लागेको बताए । 'मलाई सुरूमा स्टेज चढ्ने मौका म्याग्दी उद्योग वाणिज्य संघले दिएको थियो,' 'अहिले फरक तरिकाले आउन लाग्दा पनि उद्योग वाणिज्य संघ म्याग्दीकै फोरम प्रयोग गर्ने इच्छा थियो । संघको पनि सकारात्मक सहयोग रह्यो ।

यसपटकको कार्यक्रमको विशेषता भने दुतराजको प्रत्यक्ष प्रस्तुति हुने तय थियो । कन्सर्टमा म्युजिक ट्र्याकको प्रयोग नगरी प्रत्यक्ष रुपमा बाजागाजासहित गीत प्रस्तुत गरिने आयोजकले जनाएको छ । यसले दर्शकलाई दुतराजको वास्तविक गायन क्षमता र सांगीतिक प्रस्तुति नजिकबाट अनुभव गर्ने अवसर दिने अपेक्षा गरिएको छ ।

पछिल्लो समय 'लाइभ' प्रस्तुतिको माग बढिरहेको अवस्थामा ट्र्याकबिना प्रत्यक्ष बाजासहितको प्रस्तुति दुतराजका लागि पनि नयाँ अभ्यास हुने बताइएको थियो ।

बेनीको खुलामञ्चमा हुने भनिएको कन्सर्टमा दुतराजले आफ्ना लोकप्रिय गीतहरु प्रस्तुत गर्ने र सांगीतिक यात्रासँग जोडिएको म्याग्दीमै आफ्नो लामो समयदेखिको सपना पूरा गर्न लागेकाले कार्यक्रमप्रति स्थानीय संगीतप्रेमीको उत्साहसमेत बढ्ने तय थियो । म्याग्दी उद्योग वाणिज्य संघका अनुसार बेनीको कार्यक्रमपछि देशका विभिन्न १० स्थानमा समेत यस्तै प्रकारका लाइभ कन्सर्ट आयोजना गर्ने योजना बनाइएको छ ।


गाउँबाट बेनी झरेर मजदुरी गर्दै पढाइ अघि बढाएका दुतराजले अहिले त्यही बेनीको खुलामञ्चबाट हजारौं दर्शकमाझ आफ्नो सांगीतिक यात्रा प्रस्तुत गर्दैछन् । त्यसैले उनका लागि भदौ १२ गतेको साँझ एउटा कन्सर्टको मिति मात्र होइन, १३-१४ वर्षअघि देखेको सपनासँग प्रत्यक्ष भेट हुने दिन पनि थियो ।

बालुवा-गिट्टी बोकेर पढाइ खर्च जुटाउने युवादेखि देशभरका दर्शकको मन जित्ने गायकसम्मको उनको यात्रा आफैंमा एउटा कथा हो । अब त्यही कथाको अर्को अध्याय बेनीको खुलामञ्चमा संगीतमार्फत सुनिनेमा ढुक्क थिए । तर अन्तिममा आएर भोटेकोशीमा आएको बाढीको कारणले गर्दा कार्यक्रम स्थगित हुने पुगेको म्याग्दी उद्योग बाणिज्य संघले जनाएको छ ।





३५ दिनभित्र यी ५ घटना दर्ता गरौं
समयमै व्यक्तिगत घटना दर्ता गरौं, आफ्नो कानुनी पहिचान र अधिकार सुरक्षित गरौं।
१. जन्म दर्ता, २. मृत्यु दर्ता, ३. विवाह दर्ता, ४. सम्बन्ध विच्छेद दर्ता, ५. बसाईंसराइ दर्ता
३५ दिनभित्र दर्ता गर्दा नि:शुल्क हुन्छ । सबैले आफ्नो सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरौं




मालिका गाउपालिका, ५ नम्बर वडा कार्यालय


# साप्ताहिक राशीफल




मिति :- २०८३।०५।१२ देखि २०८३।०५।१८

**मेष** - Aries **चु, चे, चो, ला, लि, लु, ले, लो, अ**

सुरुमा संघर्ष गर्नुपरे पनि सुखदुःखमा साथ दिनेहरु भेटिनेछन्। पछिको फाइदाका लागि अरुको सेवामा जुट्नुपर्ने हुन सक्छ। लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ। आध्यात्मिक ज्ञानको प्रेरणाले मानसिक सुख प्राप्त हुनेछ। इतिहास एवं धर्म-संस्कृतिको जगेर्नामा रूचि जाग्नेछ। मंगलवारदेखि समयले साथ दिनेछ। प्रतिष्ठित कामले समाजमा स्थापित गराउनेछ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। प्रयत्न गर्दा नोकरी प्राप्त हुन सक्छ। केही समय लागे पनि दिगो काम प्रारम्भ हुनेछ।

**वृष** - Taurus **इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**

सुरूमा केही चुनौतीसँग जुध्नुपर्ला। अवसरवादीहरुले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्। काम बिग्रने चिन्ताले पनि सताउन सक्छ। जिम्मेवारी बढ्नेछ र अरुका लागि समय खर्च हुनेछ। तापनि आध्यात्मिक ज्ञानले दुर्भावनाका तरंगहरु समाप्त हुनेछन्। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ भने सप्ताहान्तमा रोकिएको काम बन्नाले उत्साह जाग्नेछ। विशिष्ट व्यक्तिहरुसँगको सहकार्यले फाइदा दिलाउनेछ। पुराना कामको चर्चा हुनेछ र उपलब्धिको स्रोत पनि प्राप्त हुनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ।

**मिथुन** - Gemini **का, कि, कु, घ, ङ, छ, के, को, हा**

साताको प्रारम्भ उत्साहवर्द्धक रहनेछ। रमाइलो यात्राको साइत जुर्नेछ भने चिताएको काम पनि बन्नेछ। व्यापारमा विशेष फाइदा हुनेछ। पुरूषार्थी काम बन्नाले जोश-जाँगर पनि बढ्नेछ। मंगलवारदेखि अस्वस्थताको योग देखिएकाले खानपानमा सजग रहनुहोला। कामको बोझ थपिनेछ भने सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ। आफ्ना कमजोरीबाट फाइदा उठाउनेहरु सक्रिय हुनेछन्। तापनि, शुक्रवारदेखि स्थतिमा सुधार आउनेछ। काम बन्नाले उपलब्धि प्राप्त हुनेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ।

**कर्कट** - Cancer **हि, हु, हे, हो, डा, डि, डु, डे, डो**

बेसुरमा हौसिनाले अर्थक्षय हुन सक्छ। यात्रामा समस्या आउन सक्छ। काममा शुभचिन्तकहरुको सहयोग लिनुहोला। प्रयत्न गर्दा चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ। मंगलवारदेखि स्थितिमा सुधार आउनाले प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ। व्यवसायका लागि यात्रा गर्ने अवसर जुर्न सक्छ। टाढिएका साथीभाइ नजिकिनेछन्। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। सप्ताहान्तमा मालमत्ता हराउने, स्वास्थ्यबाधा र मनको डरले सताउने योग छ। एउटै कामलाई दोहोर्याएर प्रयत्न गर्नुपर्ला। साथीभाइ टाढिनाले दुःख पाइनेछ।

**सिंह** - Leo **मा, मि, मु, मे, मो, टा, टि, टु, टे**

प्रारम्भमा ईर्ष्या गर्नेहरुले अवरोध गरे पनि प्रयत्न गर्दा काम सम्पादन हुनेछ। अध्ययनमा धेरै समय जुट्न नसकिए पनि सामान्य प्रगति हुनेछ। आफ्नो अभियानबाट धेरैले फाइदा उठाउन सक्छन्। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ भने नयाँ अवसर प्राप्त हुनेछ। व्यवसायमा लाभ हुनेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। देश-विदेश यात्रा गर्ने साइत जुर्न सक्छ। मन मिल्ने साथी भेटिनुका साथै मित्रता र प्रेमको बन्धन कसिलो **हुने सम्भावना छ। महत्त्वाकांक्षी निर्णय लिन उपयुक्त समय पर्खनुहोला।**

**कन्या** - Virgo **टो, पा, पि, पु, ष, ण, ठ, पे, पो**

प्रारम्भमा घरेलु समस्या वा वादविवाद सुल्झाउन जुट्नुपर्ला। शुभचिन्तकहरुको सुझावलाई बेवास्ता गर्दा अलि दुःख पाइनेछ। बलभन्दा बुद्धिको उपयोगले काम लिने प्रयत्न गर्नुहोला। मंगलवारदेखि स्थिति अनुकूल बन्नाले काम बन्नेछ। नयाँ अवसर प्राप्त हुनेछन्। पेसा-व्यवसायमा फाइदा हुनेछ। अनुभवले ज्ञान बढ्नेछ भने मेहनतले आम्दानीको दिगो स्रोत जुट्न सक्छ। मिहिनेत गर्दा प्रतिस्पर्धीहरु स्वतः पराजित हुनेछन्, आफ्ना योजनाहरु गोप्य राख्नुहोला। आँट र प्रतिभाद्वारा बिस्तारै अरुलाई उछिन्न सफल भइनेछ।

**तुला** - Libra **रा, रि, रू, रे, रो, ता, ति, तु, ते**

प्रयत्न गर्दा ठूलै उपलब्धि हातलागी हुने समय छ। सञ्चित कर्मफल प्राप्त हुनाले नयाँ कर्म गर्न मन उत्साहित हुनेछ। शुभचिन्तकहरुले साथ दिनाले चिताएका काम बिस्तारै बन्नेछन्। मंगलवार, बुधवार र बिहीवार भने घरायसी समस्याले अल्झाउन सक्छ। अनावश्यक साइनो गाँस्नेहरुबाट सतर्क रहनुहोला। समयमा जुट्न नसक्दा चिताएका काममा केही बाधा पर्नेछ। सप्ताहान्तमा परिस्थिति अनुकूल बन्न सक्छ। सामाजिक कार्यले सम्मानित स्थान दिलाउनेछ। अध्ययनमा राम्रै प्रगति हुनेछ। मेहनतले मनग्य फाइदा दिलाउनेछ।

**बृश्चिक** - Scorpio **तो, ना, नि, नु, ने, नो, या, यि, यु**

प्रारम्भमा अध्ययन र स्वास्थ्यको चिन्ताले सताउन सक्छ। बलजफ्तीले काम बिग्रनेछ भने अर्थ अभावले समस्या उत्पन्न हुनेछ। अरुका लागि जुट्नुपरे पनि बिस्तारै फाइदा हुनेछ। मंगलवारदेखि व्यापार र उद्योगमा फाइदा हुनेछ। प्रतिस्पर्धीहरु पनि पछि पर्नेछन्। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। खर्च लागे पनि व्यवसायका लागि रमाइलो यात्रा गर्ने साइत जुर्न सक्छ। सप्ताहान्तमा परिबन्धले अलमल्याउन सक्छ। गोपनीयता बाहिरिनाले पनि व्यावहारिक समस्या थपिएला। अरुलाई दिएको वचन पूरा नहुन सक्छ।

**धनु** - Sagittarius **ये, यो, भा, भि, भु, धा, फा, ढा, भे**

प्रारम्भमा व्यावहारिक समस्याले चिताएको काम रोकिन सक्छ। स्वास्थ्य कमजोर रहनेछ। अरुका काममा समेत अलमलिनुपर्ला। मंगलवारदेखि स्थितिमा सुधार आउनुका साथै बोलीको प्रभावले फाइदा उठाउन सकिनेछ। तर्कशक्ति बढ्नेछ भने अध्ययनमा प्रगति हुनेछ। दिगो काम सुरू हुनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति हुनेछ। बुद्धिको उपयोगले प्रतिद्वन्द्वीहरुलाई वशमा ल्याउन सकिनेछ। मेहनतीहरुलाई समयले पनि साथ दिनेछ। पेसा-व्यवसायमा फाइदा हुनेछ। पराक्रम बढ्नाले नयाँ योजना थालनी गर्न सकिनेछ।

**मकर** - Capricorn **भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि**

प्रारम्भमा खर्चिलो काममा जुट्नुपर्ने हुँदा अर्थ अभाव देखापर्नेछ। प्रयत्न गर्दा यात्राको साइत जुर्न सक्छ। केही व्यावहारिक चुनौती पनि सामना गर्नुपर्ला। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ र नयाँ काममा हात हाल्ने अवसर जुट्नेछ। उपहारका साथै स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। बोलीको माध्यमले धेरैलाई मन्त्रमुग्ध बनाउन सकिनेछ। मेहनतले पहिले रोकिएको प्रतिफल पनि दिलाउन सक्छ। मान-सम्मानका साथै विशेष उपलब्धि प्राप्त हुने समय छ।

**कुम्भ** - Aquarius **गु, गे, गो, सा, सि, सु, से, सो, द**

आम्दानी बढ्नुका साथै दिगो काम प्रारम्भ हुनेछ। प्रशस्त दाम पनि हातलागी हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ। मंगलवारदेखि भने खर्चको मात्रा बढ्नेछ। समयमा रकम हातलागी नहुँदा काममा पनि समस्या पर्नेछ। एउटै कामलाई दोहोर्याएर प्रयत्न गर्नुपर्ला। साथीभाइ समयमा नजुट्नाले दुःख पाइनेछ। शुक्रवारदेखि विभिन्न अवसर प्राप्त हुनाले मनमा आनन्द मिल्नेछ। पारिवारिक भेटघाटका बीच स्वादिष्ट भोजनमा मन रमाउनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै आँटेको काम सम्पादन हुनेछ।

**मीन** - Pisces **दि, दु, थ, झ, ञ, दे, दो, चा, चि**

सुरूमा परिस्थिति अनुकूल नहुँदा काम बिग्रन सक्छ। जिम्मेवारी बढ्नेछन् तर अरुका लागि समय खर्च हुनेछ। अवसरवादीहरुले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ। दिगो काम सुरू गर्ने मौका छ। आम्दानीका स्रोत थपिनाले लाभांश पनि बढ्नेछ। रोकिएको काम बन्नाले उपलब्धि प्राप्त हुनेछ। सप्ताहान्तमा भने फजुल खर्च बढ्नेछ। अवसरका लागि केही दौडधुप समेत गर्नुपर्ला। घर-परिवारबाट टाढिनुपर्ने हुन सक्छ, तापनि टाढाको यात्रा गर्ने साइत जुर्न सक्छ।

## जंगलको......

ताल पनि एउटा महत्वपूर्ण गन्तव्य हो।

गाइखर्कलाई पर्यटकीय रुपमा विकास गर्न वडा र गाउँपालिकाले पछिल्लो समय प्रयास गर्दै आएका छन्। गाउँपालिकाले तालसम्म पुग्ने सडक निर्माण गरेको छ। तालको संरक्षणका लागि तारबार गरिएको छ। तालको छेउमा मन्दिर निर्माण गरिएको छ भने ताललाई सुरक्षित राख्न पक्की पर्खालसहितको घेराबारसमेत गरिएको छ।

स्थानीयका अनुसार गाइखर्कको संरक्षण र पूर्वाधार निर्माणको काम विशेषगरी २०७४ सालपछि अघि बढेको हो। २०७४ सालमा ताल वरिपरि घेराबार गरिएको र त्यसपछि मन्दिर निर्माण गरिएको स्थानीयको भनाइ छ। सडक विस्तार पनि सोही समय आसपास भएको हो।

यसले अहिले गाइखर्क पुग्ने पर्यटकका लागि आधार भूत पहुँच पहिलेभन्दा सहज बनाएको छ। पहिले स्थानीयको पैदल पहुँचमा सीमित रहेको स्थान विस्तारै सडकसँग जोडिँदै गएको छ। तर पर्यटन विकासका लागि सडक मात्र पर्याप्त हुँदैन। तालको प्राकृतिक स्वरुप जोगाउँदै पर्यटकलाई सुरक्षित, व्यवस्थित र वातावरणमैत्री सुविधा उपलब्ध गराउनुपर्ने चुनौती अबको चरणमा छ।

मालिका गाउँपालिकाका पूर्व वडा अध्यक्ष पिपला बुढाका अनुसार दाङ्ग र घरथोकभन्दा माथि रहेको गाइखर्क तालको संरक्षणमा स्थानीय युवा तथा गाउँलेले लामो समयदेखि चासो दिँदै आएका छन्। गाउँपालिकाले पनि स्थापना कालदेखि नै यस क्षेत्रको संरक्षण र विकासमा प्रयास गर्दै आएको उहाँ बताउनुहुन्छ।

स्थानीयको सक्रियता गाइखर्कको अर्को महत्वपूर्ण पक्ष हो। सरकारी निकायले सडक वा घेराबार बनाउन सक्छ, तर कुनै प्राकृतिक सम्पदाको दीर्घकालीन संरक्षण स्थानीय समुदायको सहभागिताबिना सम्भव हुँदैन। गाइखर्कको धार्मिक विश्वास, नाम, पूजा परम्परा, गाई चराउने पुरानो चलन र तालसँग जोडिएका स्थानीय कथा सबै समुदायको सामूहिक स्मृतिका हिस्सा हुन्।

त्यसैले गाइखर्कलाई पर्यटकीय गन्तव्य बनाउँदा स्थानीय समुदायलाई पर्यटनको केन्द्रमा राख्नुपर्ने देखिन्छ। स्थानीय युवालाई पर्यटन गाइडका रुपमा परिचालन गर्न सकिन्छ। स्थानीय महिलालाई होमस्टे तथा स्थानीय खानासँग जोड्न सकिन्छ। स्थानीय कृषि उत्पादन, मौलिक परिकार, हस्तकला तथा सांस्कृतिक कार्यक्रमलाई पर्यटकसँग जोड्न सके तालको पर्यटनले गाउँको अर्थतन्त्रमा प्रत्यक्ष योगदान पुऱ्याउन सक्छ।

गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजाका अनुसार पालिकाभित्र रहेका पर्यटकीय महत्वका स्थानको पहिचान, संरक्षण र प्रचारमा गाउँपालिकाले प्रयास गरिरहेको छ। उहाँका अनुसार गाइखर्क तालसहित पालिकाभित्र रहेका ३५ वटा धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्व बोकेका विषयलाई चालु आर्थिक वर्षभित्र विस्तृत रुपमा लेखन गरी प्रचारप्रसार गर्ने काम भइरहेको छ। यस्तो कामलाई आगामी दिनमा पनि निरन्तरता दिइने उहाँको भनाइ छ।

मालिका गाउँपालिका आफैं पनि प्राकृतिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न स्थानीय तहका रुपमा परिचित छ। गाउँपालिकाको आधिकारिक विवरणअनुसार वडा नं. ५ देविस्थानसहित विभिन्न वडामा ताल, पोखरी, दह, मठमन्दिर, पाटीपौवा, चौतारा तथा अन्य प्राकृतिक र सांस्कृतिक सम्पदा रहेका छन्। गाउँपालिकाको शैक्षिक योजनामा समेत वडा नं. ५ का प्रमुख पर्यटकीय सम्पदाका रुपमा गाइखर्क ताल र देउताभिर गुफालाई उल्लेख गरिएको छ। यसबाट गाइखर्कलाई एक्लो गन्तव्यका रुपमा भन्दा मालिका गाउँपालिकाको समग्र पर्यटन सर्किटभित्र राखेर विकास गर्न सकिने सम्भावना देखिन्छ।

देविस्थान क्षेत्रमा गाइखर्क तालसँगै विभिन्न झरना, दह, गुफा तथा धार्मिक स्थलहरु छन्। गाइखर्कबाट आसपासका अन्य प्राकृतिक सम्पदासम्म पदमार्ग विकास गर्न सके पर्यटकले एउटै यात्रामा धेरै गन्तव्य अनुभव गर्न सक्छन्। यसका लागि स्पष्ट पदमार्ग, दूरी संकेत, विश्रामस्थल, सूचना पाटी र डिजिटल नक्सा निर्माण आवश्यक हुन्छ।

गाइखर्कको पर्यटन विकासमा अर्को महत्वपूर्ण विषय हो वैज्ञानिक अनुसन्धान। तालको रहस्यलाई पर्यटनको मुख्य कथा बनाउने हो भने त्यसको तथ्यगत आधार पनि बलियो हुनुपर्छ। पानीको मुहान नदेखिए पनि तालमा वर्षभरि पानी कसरी कायम हुन्छ भन्ने विषयमा जलविज्ञानसम्बन्धी अध्ययन गर्न सकिन्छ। तालको भौगर्भिक संरचना अध्ययन गर्न सकिन्छ। पानीको रङ परिवर्तनबारे जैविक तथा रासायनिक परीक्षण गर्न सकिन्छ। पात तथा जैविक पदार्थको अवस्थाबारे पर्यावरणीय अध्ययन गर्न सकिन्छ।

यसरी अनुसन्धान गरियो भने गाइखर्कको 'रहस्य' अझ ठूलो आकर्षण बन्न सक्छ। स्थानीयले पुस्तौँदेखि अनुभव गर्दै आएको कुरा वैज्ञानिक तथ्यका रुपमा विश्वसामु प्रस्तुत गर्न सकिन्छ। तर वैज्ञानिक अध्ययनले स्थानीय विश्वासलाई विस्थापित गर्नु आवश्यक छैन। स्थानीयका लागि तालमा शक्ति छ भन्ने विश्वास उनीहरुको संस्कृति र आस्थाको हिस्सा हो। वैज्ञानिक अनुसन्धानले त्यस विश्वासलाई सम्मान गर्दै प्राकृतिक प्रक्रियाको व्याख्या गर्न सक्छ। यही दुई पक्षबीचको सन्तुलनले गाइखर्कलाई अन्य पर्यटन गन्तव्यभन्दा फरक बनाउन सक्छ।

पर्यटनको नाममा तालको मौलिकता बिगार्न नहुने विषय पनि उत्तिकै महत्वपूर्ण छ। तालको वरिपरि अत्यधिक कंक्रिट संरचना निर्माण गर्ने, प्लास्टिक तथा फोहोर फाल्ने, ठूलो आवाजमा मनोरञ्जन गर्ने वा तालमा अनियन्त्रित मानवीय गतिविधि बढाउने हो भने अहिले गाइखर्कको सबैभन्दा ठूलो आकर्षण रहेको प्राकृतिक शान्त वातावरण नै समाप्त हुन सक्छ। त्यसैले यहाँको विकास 'पूर्वाधार धेरै बनाउने'भन्दा 'प्रकृति जोगाउँदै आवश्यक पूर्वाधार बनाउने' अवधारणामा आधारित हुनुपर्ने देखिन्छ। तालको वरिपरि संरक्षण क्षेत्र निर्धारण, फोहोर व्यवस्थापन, प्लास्टिक नियन्त्रण, पर्यटकको संख्या र गतिविधिको व्यवस्थापन तथा नियमित सरसफाइ आवश्यक हुन्छ।

गाइखर्कको पर्यटनलाई चार मौसमसँग जोडेर प्रचार गर्न सकिन्छ। वर्षायाममा हरियाली र निलो पानी, हिउँदमा फरक रङ देखिने ताल, मौसम खुलेका बेला हिमालको दृश्य र विभिन्न समयमा देखिने वनस्पति तथा चराचुरुङ्गी यसको प्रचारका आधार बन्न सक्छन्। यसका लागि वर्षभरि फरक मौसममा तालको फोटो तथा भिडियो अभिलेख तयार गर्न सकिन्छ।

तालको इतिहास र स्थानीय कथा पनि दस्तावेजीकरण गर्न आवश्यक छ। गाइ चराउने खर्क भएकाले गाइखर्क नाम रहन गएको कथा, भूमिपूजाको चलन, पाठाले भोग दिने परम्परा, मन्दिर निर्माणको इतिहास, २०७४ सालमा गरिएको घेराबार, सडक विस्तार र स्थानीयले संरक्षणमा खेलेको भूमिका सबै अभिलेखमा राखिनुपर्छ।

यस्ता स्थानीय कथाहरु पर्यटकका लागि केवल मनोरञ्जनका विषय होइनन्। ती कुनै स्थानको पहिचान हुन्। गाइखर्कको कथा गाइखर्कमै जन्मिएको हुनाले त्यसलाई स्थानीयले नै सुनाउन पाउनु यसको पर्यटन विकासको महत्वपूर्ण आधार बन्न सक्छ।

गाइखर्क तालको चर्चा म्याग्दीबाहिर पनि विस्तारै हुन थालेको छ। विभिन्न सञ्चारमाध्यमले यसलाई 'रहस्यमय' र 'अनौठो' तालका रुपमा समाचार तथा सामग्री प्रकाशित गरेका छन्। पानीको रङ परिवर्तन, मुहान नदेखिनु र जंगलको बीचमा रहेको अवस्थालाई यसको प्रमुख विशेषताका रुपमा प्रस्तुत गरिएको छ।

अब चुनौती भनेको चर्चालाई पर्यटकीय गतिविधिमा बदल्नु हो। समाचारमा आएर मात्र पर्यटक आउँदैनन्। बाटो सहज हुनुपर्छ, गन्तव्यको जानकारी उपलब्ध हुनुपर्छ, सुरक्षित वातावरण हुनुपर्छ र पुगिसकेपछि बस्ने, खाने तथा घुम्ने व्यवस्था हुनुपर्छ। स्थानीय उत्पादन र सेवासँग पर्यटकलाई जोड्न सकियो भने मात्रै पर्यटनले स्थानीय अर्थतन्त्रमा दिगो प्रभाव पार्छ।

गाइखर्कमा दृश्यावलोकनस्थल निर्माण गर्न सकिन्छ। ताललाई माथिबाट हेर्न मिल्ने सुरक्षित स्थान बनाउन सकिन्छ। तालको इतिहास, धार्मिक विश्वास, जैविक विशेषता र स्थानीय कथा समेटिएको सूचना केन्द्र स्थापना गर्न सकिन्छ। तालसम्म पुग्ने बाटोमा स्थानीय वनस्पति र हिमाली दृश्यबारे जानकारी दिने संकेत बोर्ड राख्न सकिन्छ।

त्यसैगरी गाइखर्कको बारेमा वृत्तचित्र निर्माण गर्न सकिन्छ। स्थानीय वृद्धवृद्धाको मौखिक इतिहास र युवाको अनुभव संकलन गरेर डिजिटल अभिलेख बनाउन सकिन्छ। स्थानीय विद्यालयका विद्यार्थीलाई तालको संरक्षण तथा अध्ययनमा सहभागी गराउन सकिन्छ। यसले नयाँ पुस्तालाई आफ्नो गाउँको प्राकृतिक सम्पदासँग जोड्नेछ।

गाइखर्क तालमा वैज्ञानिक अनुसन्धान गर्न चाहने विद्यार्थी तथा अनुसन्धानकर्तालाई पनि आकर्षित गर्न सकिन्छ। जलविज्ञान, जैविक विविधता, वनस्पति, भौगोलिक संरचना र पर्यटनसम्बन्धी अध्ययनका लागि यो स्थान अनुसन्धानको विषय बन्न सक्छ। अनुसन्धानकर्ताले गर्ने अध्ययनलाई स्थानीय सरकार र समुदायले सहजीकरण गरेमा गाइखर्कको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान विस्तार गर्न सहयोग पुग्न सक्छ।

गाइखर्क तालको अर्को सम्भावना ग्रामीण पर्यटन हो। तालसम्म पुग्ने यात्रालाई देविस्थानका गाउँबस्ती र स्थानीय संस्कृतिसँग जोड्न सकिन्छ। गाउँमा होमस्टे सञ्चालन गरेर पर्यटकलाई स्थानीय जीवनशैली अनुभव गराउन सकिन्छ। स्थानीय परिकार, मौलिक गीतसंगीत र परम्परागत संस्कृतिलाई पर्यटनसँग जोड्न सकिन्छ। यसले गाउँमा रोजगारीको अवसर सिर्जना गर्न सक्छ। बाहिर रोजगारीका लागि जाने युवालाई आफ्नै क्षेत्रमा पर्यटनसँग जोडेर आयआर्जनको अवसर दिन सकिन्छ। महिलालाई होमस्टे, खाना, स्थानीय उत्पादन तथा हस्तकलामा जोड्न सकिन्छ। किसानका उत्पादनलाई पर्यटक बजारसँग जोड्न सकिन्छ। तर यी सबै सम्भावनाको केन्द्रमा गाइखर्क तालको संरक्षण हुनुपर्छ। तालको प्राकृतिक अवस्था बिग्रियो भने पर्यटनको आधार नै कमजोर हुन्छ।गाइखर्कको सबैभन्दा ठूलो सम्पत्ति अहिले पनि त्यसको मौलिकता हो। नदेखिने मूल भएर पनि पानी रहिरहनु, मौसमअनुसार पानीको रङ बदलिनु, जंगलको बीचमा भएर पनि तालमा पातपतिङ्गर नदेखिनु, तालको कुनामा धार्मिक आस्थाको केन्द्र हुनु, गाई चराउने पुरानो खर्कको नाम बोकेर बस्नु र मौसम खुलेका बेला हिमाली दृश्य देखिनु यी सबै पक्ष मिलेर गाइखर्कको आफ्नै कथा बनेको छ। त्यसैले गाइखर्क ताललाई केवल एउटा पोखरी वा पर्यटकीय स्थलको रुपमा विकास गर्नु पर्याप्त हुँदैन। यसलाई प्रकृति, संस्कृति, आस्था, विज्ञान र स्थानीय जीवनसँग जोडिएको सम्पदाका रुपमा विकास गर्नुपर्ने आवश्यकता छ।

समबहादुर घर्ती मगरले सुनाउनुभएको पात र सेउला हराउने अनुभव होस् वा स्थानीयले पुस्तौँदेखि मान्दै आएको तालको शक्ति, भूमिपूजाको परम्परा होस् वा पाठाले भोग दिने चलन गाइखर्कको कथा यिनै स्थानीय अनुभवबाट बनेको हो। यी कथाको सम्मान गर्दै त्यसमा



मिम पुन, ५ नम्बर वडा अध्यक्ष

वैज्ञानिक खोज जोड्न सकियो भने गाइखर्कको परिचय अझ बलियो बन्न सक्छ।

आज गाइखर्क ताल पर्यटकको ठूलो भीडबाट टाढा छ। तर यही शान्त अवस्था यसको अर्को सम्पत्ति हो। जंगलको बीचमा रहेको तालमा पुग्दा शहरको कोलाहलबाट अलग प्रकृतिसँग साक्षात्कार गर्न सकिन्छ। मौसम खुलेको दिन हिमाल हेर्न सकिन्छ। तालको पानीको रङ नियाल्न सकिन्छ। मन्दिरमा पूजा गर्ने स्थानीय परम्परा बुझ्न सकिन्छ। गाउँको जीवनशैली अनुभव गर्न सकिन्छ।

र सबैभन्दा ठूलो कुरा त्यहाँ पुगेपछि एउटा प्रश्न अवश्य उठ्छ : जंगलको बीचमा रहेको यो तालमा पानी कहाँबाट आउँछ र वर्षौंदेखि किन सुक्दैन ?

त्यसपछि अर्को प्रश्न उठ्छ : मौसम फेरिँदा यसको पानीको रङ किन बदलिन्छ ?

अनि अर्को प्रश्न : जंगलको बीचमा भएर पनि तालमा पातपतिङ्गर किन देखिँदैन ?

यिनै प्रश्नहरु गाइखर्क तालको सबैभन्दा ठूलो पर्यटन कथा बन्न सक्छन्।

तर ती प्रश्नको उत्तर खोज्ने काम अब केवल स्थानीय विश्वासमा सीमित रहनु हुँदैन। सम्बन्धित सरकारी निकाय, विश्वविद्यालय, जलविज्ञ, वातावरणविद्, भूगर्भविद् तथा जैविक अनुसन्धानकर्तालाई जोडेर गाइखर्क तालको विस्तृत अध्ययन गर्नुपर्ने आवश्यकता छ। स्थानीय समुदायले पुस्तौँदेखि जोगाउँदै आएको सम्पदामाथि वैज्ञानिक अनुसन्धान थपिँदा यसको महत्व झन् बढ्नेछ।

मालिका गाउँपालिकाले ३५ वटा धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका गन्तव्यको पहिचान गरी तिनको विस्तृत लेखन र प्रचारप्रसार गर्ने काम अघि बढाएको अवस्थामा गाइखर्क ताल त्यस अभियानको महत्वपूर्ण हिस्सा बन्न सक्छ। पालिकाले थालेको पहिचान, संरक्षण र प्रचारको प्रयासलाई स्थानीय समुदायको सहभागिता, वैज्ञानिक अनुसन्धान र व्यवस्थित पर्यटन पूर्वाधारसँग जोड्न सके यसको प्रभाव दीर्घकालीन हुन सक्छ।

गाइखर्कको भविष्य सडक र तारबारले मात्र तय गर्ने छैन। यसको भविष्य स्थानीयको विश्वास, प्रकृतिको संरक्षण, वैज्ञानिक अनुसन्धान, जिम्मेवार पर्यटन र समुदायको आर्थिक सहभागिताले तय गर्नेछ।

देविस्थानको जंगलको बीचमा शान्त बसेको गाइखर्क ताल आज पनि आफ्नै रहस्य बोकेर उभिएको छ। वरिपरि रुख छन्, तर तालमा पात छैन। देखिने मूल छैन, तर पानी सुक्दैन। मौसम फेरिँदा पानीको रङ फेरिन्छ। छेउमा मन्दिर छ, जहाँ भूमिपूजाको परम्परा जीवित छ। स्थानीयको विश्वासमा तालमा शक्ति छ। मौसम खुलेपछि हिमालले यसको सौन्दर्य थपिदिन्छ।

यही कारण गाइखर्क ताल मालिका गाउँपालिका-५ को एउटा ताल मात्र होइन, स्थानीय प्रकृति, संस्कृति, आस्था र कथाको जीवित दस्तावेज हो। संरक्षण र अनुसन्धानसहित व्यवस्थित रुपमा अगाडि बढाउन सके गाइखर्क ताल म्याग्दीको पर्यटन नक्सामा छुट्टै पहिचान बनाउन सक्ने सम्भावना बोकेर बसेको छ। र सायद यसको सबैभन्दा ठूलो आकर्षण यही हो–गाइखर्कलाई हेर्न जाने मानिसले ताल मात्र देख्दैन, एउटा प्रश्न पनि लिएर फर्किन्छ।









**लाईट स्टार ब्युटी पार्लर**

**डल हाउस एण्ड ट्रेनिङ सेन्टर**

न्यूरोड, बेनी बजार म्याग्दी प्रो. मैनादेवि राई(सोनिया) ९८६४२७४१७०

**हाम्रो सेवाहरू:**

- आधुनिक फेसियल तथा स्किन केयर
- हेयर कटिङ एण्ड ब्लो ड्रायर सेटिङ, हेयर स्टाइल र कलरिङ
- ब्राइडल मेकअप (विशेष अफर सहित)
- मैनिक्योर, पेडिक्योर
- प्रोफेशनल ब्यूटी ट्रेनिङ क्लासहरू
- वाटर प्रुफ मेकअप, माइक्रो ब्लेडीङ, माइक्रो सेडीङ,
- आइलाइसेस एक्सटेन्सन, नेल्स
- ल्यासेज एक्सटेन्सन, नेल जेल एक्सटेन्सन

**किन रोज्ने हामीलाई?**

- अनुभवी र मैत्रीपूर्ण स्टाफ
- गुणस्तरीय प्रोडक्ट प्रयोग
- आरामदायी वातावरण
- उचित मूल्य



विशेष छुट सहित विशेष कक्षाहरु सञ्चालन हुदैछन् । आफ्नो क्षमता विकास गर्ने मौकाको फाइदा लिनुहोस ।

**सीप सिकेर आत्मनिर्भर बनौं**

हामी सँग अनुभवी प्रशिक्षकबाट प्राक्टीकल सहितको तालिम लिनुहोस र आफ्नो करियर सुरु गर्नुहोस ।

**महिला उधमीद्वारा हस्त निर्मित डल, कुशन, झुला, झुमरहरू पाइन्छ ।**













प्रो.पुर्ण गौचन ९८५७६३०२७८

**होटल हिलभ्यू, थकाली भान्साघर**

पिपलचोक, बेनी, म्याग्दी

फोन :- ०६९-५२११५८/५२०३५९

पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।


लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशक: अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्क: ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादक: तुलसी सुवेदी